# कोषको ठमेल स्थित भवनका पसल कोठाहरु भाडामा दिने सम्बन्धी
## सिलबन्दी बोलपत्र आह्वान

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०७७/०९/२१)

१. काठमाडौं जिल्ला काठमाडौं म.न.पा.वडा नं. २७ कोषको ठमेल स्थित अफिस कम सपिङ्ग कम्प्लेक्स भवनमा रहेका देहायका पसल कोठाहरु भाडामा लिन इच्छुक व्यक्ति वा फर्म/कम्पनीबाट रीतपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

| सि.नं. | पसल कोठा नं. | क्षेत्रफल (वर्गमिटर) | कोषले तोकेको न्यूनतम मासिक भाडा रकम (रु.) (बहाल कर लाग्ने भए सो बाहेक) | बोलपत्र जमानत रकम ( रु.) |
|---|---|---|---|---|
| १ | २०१ | २४ | १८०,०००/- | १८०,०००/- |
| २ | २०२ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| ३ | २०३ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| ४ | २०४ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| ५ | २०५ र २०६ | ४९ | ३,६७,५००/- | ३,६७,५००/- |
| ६ | २०७ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| ७ | २०८ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| ८ | २०९ | ३२ | २,४०,०००/- | २,४०,०००/- |
| ९ | २०९ ए | ४ | ३०,०००/- | ३०,०००/- |
| १० | २११ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| ११ | २१२ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| १२ | २१३ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| १३ | २१४ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| १४ | २१५ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| १५ | २१६ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| १६ | २१७ | २४ | १,८०,०००/- | १,८०,०००/- |
| १७ | २१८ ए | ८ | ६०,०००/- | ६०,०००/- |
| १८ | २३९ | १६ | ३६,०००/- | ३६,०००/- |
| १९ | २४१ | ३० | ६७,५००/- | ६७,५००/- |
| २० | २४६ | १२ | ९०,०००/- | ९०,०००/- |

२. इच्छुक व्यक्ति वा फर्म/कम्पनीले पुल्चोक स्थित नेपाल इन्भेष्टमेण्ट बैंक लि.मा रहेको कर्मचारी सञ्चय कोषको खाता नं. ००४०१०१०२५४३७३ वा ठमेल स्थित हिमालयन बैंक लि.मा रहेको कोषको खाता नं. ०१९०००२२९८००३८मा रू. १,०००/- (फिर्ता नहुने) बुझाएको सक्कल प्रति भौचर, व्यक्तिको हकमा नागरिकता प्रमाण पत्रको प्रतिलिपी एवम् संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र, प्यान, भ्याट दर्ता प्रमाण पत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाण पत्र र लिखित निवेदन पेश गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात् मिति २०७७/१०/२१ गते कार्यालय समय भित्र कर्मचारी सञ्चय कोष, भवन तथा आवास ब्यबस्थापन विभाग, पुल्चोक तथा भवन व्यवस्थापन इकाई, ठमेलबाट बोलपत्र फारम खरिद गर्न सक्नेछन्।

३. बोलपत्रदाताले कोषबाट खरिद गरिएको बोलपत्र कागजात (सक्कलै) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ३१औं दिनअर्थात् मिति २०७७/१०/२२ गते १२:०० बजे भित्र कर्मचारी सञ्चय कोष, पुल्चोकमा बुझाई सक्नु पर्नेछ। तोकिएको मिति र समय पश्चात् प्राप्त भएका बोलपत्रहरु स्वीकार गरिने छैन।

४. प्राप्त सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन अर्थात् मिति २०७७/१०/२२ गते दिनको १:०० बजे बोलपत्रदाताहरुको तर्फबाट उपस्थित प्रतिनिधिहरुको रोहवरमा कर्मचारी सञ्चय कोष, पुल्चोकस्थित भवन तथा आवास व्यवस्थापन विभागमा खोलिनेछ।

५. बोलपत्र जमानतबापतको रकमपुल्चोक स्थित नेपाल इन्भेष्टमेण्ट बैंक लि.मा रहेको कर्मचारी सञ्चय कोषको खाता नं. ००४०१०१०२५४३७३ वा ठमेल स्थित हिमालयन बैंक लि.मा रहेको कोषको खाता नं. ०१९०००२२९८००३८ मा सम्बन्धित बोलपत्रदाताकै नामबाट जम्मा भएको सक्कल भौचर वा कुनै बाणिज्य बैंकले कोषको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट कम्तिमा ९० (नब्बे) दिन म्याद कायम रहेको शर्त रहितको सम्बन्धित बोलपत्रदाताकै नाममा रहेको बैंक ग्यारेण्टीको सक्कल प्रति बोलपत्रसाथ संलग्न हुनुपर्नेछ।

६. बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरु त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्। साथै, एकजना बोलपत्रदाताले कुनै एक पसल कोठाको लागि मात्र बोलपत्र पेश गर्न सक्नेछ।

७. बोलपत्रदाताले बोलपत्र जमानत लगायतका आवश्यक कागजात संलग्न गरी **आधारभुत र बित्तिय प्रस्ताव छुट्टा छुट्टै रीतपूर्वक भरी छुट्टा छुट्टै खाममा हाली सिलबन्दी गरी**बोलपत्रको खाम बाहिर "**कोषको ठमेल स्थित भवनको पसल कोठा नं..... भाडामा लिने सम्बन्धी बोलपत्र**" भनी प्रष्ट लेखी दुई वटा खाम कोषमा बुझाउनु पर्नेछ।

८. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बोलपत्र आवेदन फाराममा संलग्न कागजातहरुमा उल्लेख रहेको छ। थप जानकारी आवश्यक भएमा कोषको पुल्चोकस्थित भवन तथा आवास व्यवस्थापन विभाग वा भवन व्यवस्थापन इकाई, ठमेलमा सम्पर्क गर्न सकिनेछ।


कर्मचारी सञ्चय कोष

भवन तथा आवास व्यवस्थापन विभाग

पुल्चोक, ललितपुर। **फोन नं.: ०१-५०१०००९**

**(पुल्चोक) र ०१- ५३५९६०८ (ठमेल)**